JOIN
IELTS
MORNING | DAY | EVENING
CLASSES
APPLY TO STUDY IN
AUSTRALIA & NEW ZEALAND
BEACON
Premier International Education
Siddhartha Chowk Pokhara

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क ७४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७७ चैत १५ गते आइतबार ❑ 28 March. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## भद्रकाली मन्दिरको फेदीमा पदमार्ग

पोखरापत्र संवाददाता
पोखरा, १४ चैत



पहिलो पटक मन्दिर आउने अवसर मिल्यो । पहिलो निमन्त्रणामा पाइला टेक्दा धैरै खुशीको अनुभूति भयो ।

दुइ सय वर्ष पुरानो इतिहास बोकेको भद्रकाली मन्दिरको फेदीमा ढुङा छाप्न पाउँदा छाती नै चौडा बनायो गण्डकी प्रदेशका मुख्यमन्त्री पुथ्वीसुब्बा गुरुङको । पदमार्गको शनिवार शिलान्यास गर्दै गुरुङले सो अभिव्यत्ती दिएका हुन् । मन्दिर रहेको डाँडाको फेदी वरिपरि पैदल यात्रा गर्ने बाटो निर्माण थालनी गरेका मुख्यमन्त्रीले बाँकी पदमार्ग निर्माणमा पनि सहयोग गर्ने बचनबद्धता गरे । मुख्यमन्त्रीले गुरुङ मन्दिर सवैको आस्थाको धारोहर रुप भएकोले स्थनीयहरुलाइ पनि सहयोग गर्न अनुरोध गरे ।

मुख्यमन्त्री गुरुङले भद्रकाली मन्दिरको प्रवर्द्धनका लागि प्रदेश सरकार कटिबद्ध रहेको बताए । सवैभन्दा ठूलो दान जग्गा दान भएकोले धर्मका काममा दुइचार आना सहयोग गर्न मुख्यमन्त्रीले पुन अनुरोध गरे । मुख्यमन्त्री गुरुङले प्रदेश सरकार सबैका घर घरमा धारा र बिजुली पुऱ्याउने अभियानमा लागि रहेको भने । भद्रकाली मन्दिर पोखराको मात्रा गहना नभै नेपालकै गहना बन्न सक्ने भएकोले हामी सवै मिली दीर्घकालीन योजना बनाएर अगाडि बढ्नु पर्नेमा मुख्यमन्त्रीले जोड दिए ।

श्री गणेश तथा भद्रकाली मन्दिर सेवा समितिका अध्यक्ष टीकावहादुर कार्कीले स्वागत गर्दै गण्डकी प्रदेश सरकारले मन्दिरलाइ २० लाख रुपैयाँ बजेट दिएको जानकारी दिए । पदमार्ग सुरु गरेपछि वरिपरिको ९ सय ५० मिटर पदमार्ग निर्माण गरिने अध्यक्ष कार्कीले भने । पदमार्गको ठाउँ ठाउँमा वृद्धवृद्धाहरुहरुलाइ मन्दिरमा रहेको मुर्ति राखी तलै दर्शन गर्ने वातवरण मिलाइने अध्यक्ष कार्कीले वताए । मन्दिर सेवा समितिका सचिव योगेन्द्रमान श्रेष्ठले कार्यक्रम संचालन गर्दै धैरै मुद्दा मामिला भेलेर पनि ४० रोपनी जमिन भद्रकाली गुठीका नाममा ल्याउन सफल भएको भने । हामी सवै मिलेर अगाडि बढेमा भद्रकाली मन्दिरमा आमुल परिवर्तन गरी भत्तालुहरुको पहिलो आर्कषणमा पार्न सकिने सचिव योगेन्दमानले वताए ।

## पुनलाई १० किलोमिटर सडक दौडको उपाधि, महिला तर्फ भने एपिएफकी रानालाई

पोखरापत्र संवाददाता
पोखरा, १४ चैत



भारतीय सेनामा कार्यरत तिर्थ पुनले शनिबार पोखरामा सम्पन्न भएको १० किलोमिटर पुरुष तर्फको सडक दौड प्रतियोगिताको उपाधि जितेका छन् ।

बागलुङ ढोरपाटनका पुन हाल काठमाण्डौंबाट प्रतियोगितामा सहभागि जनाएसंगै उनले निर्धारित दुरी ३३ मिनेट ३३ सेकेण्डमा पार गरी उपाधि सहित नगद १५ हजार हात पार्न सफल भए । काठमाडौंका जितेन्द्र दवाडीले ३४ मिनेट ७ सेकेण्डमा उक्त दुरी पार गरी दोश्रो भए भने ३४ मिनेट २२ सेकेण्डमा उक्त दुरी पार गरेका काठमाण्डौंका शिव बहादुर रायमाझी तेश्रो भए । त्यसै गरी महिला तर्फको १० किलोमिटर सडक दौडमा एपिएफकी पुलमति रानाले उपाधि जितेकी छन्। प्रतियोगितामा सहभागि ८१ जना प्रतियोगिहरुलाई पछि पार्दै निर्धारित दुरी ४०मिनेट ५२ सेकेण्डमा पार गरी उपाधि जितेकी हुन् ।

मकवानपुरकी छेन्वी राईले ४२ मिनेट १ सेकेण्डमा उक्त दुरी पार गरी दोश्रो भईन भने एपिएफकै आसा रावत तेश्रो भईन । रावतले निर्धारित दुरी ४३ मिनेट ५२ सेकेण्डमा पार गरेकी हुन्। प्रतियोगितामा विजयी महिला र पुरुषतर्फ प्रथम हुनेले जनही १५/१५ हजार, दोश्रोले १०/१० र तेश्रोले ५/५ हजारका साथमा मेडल र प्रमाणपत्र प्राप्त गरे ।

उक्त अवसरमा ७४ बर्षका एक बृद्धले उत्त दौड पुरा गर्न सफल भएका छन् । जन्म घर गोर्खा भई हाल पोखरा ७ मा बस्दै आएका जेष्ठ नागरिक टंक बहादुर श्रेष्ठ (तक्माबुढा) ले खुस व्यत्त गरेकाछन्। मञ्चका अध्यक्ष एवं गण्डकी प्रदेश खेलकूद परिषदका सदस्य सचिब तेज बहादुर गुरुङले सवै पोखरेलीको साथ र सहयोगले गर्दा कोरोना कालमा पनि विभिन्न चरणमा म्याराथन १० किलोमिटर सडक दौड पुरा गरेसंगै उनलाई मेडल सहित सम्मान गरिएको छ। साथै उनलाई पोखरा महानगरले नगद १० हजार सहित सम्मान गर्ने भएको छ । भुतपूर्व खेलाडी मञ्च नेपालको आयोजनामा शनिबार पोखरामा सम्पन्न भएको महिला तथा पुरुष तर्फको १० किलोमिटर सडक दौडमा १७ जिल्लाका ५ सय १८ जना सहभागि भएको मञ्चले जनाएको छ । विजयी खेलाडीहरुलाई राखेप सदस्य राजेश कुमार गुरुङ, पोखरेली मञ्च यूकेका उपाध्यक्ष करम गुरुङ, मञ्चका अध्यक्ष एवम गण्डकी प्रदेश खेलकूद परिषदका सदस्य सचिब तेज गुरुङ, मञ्चका संस्थापक अध्यक्ष खड्ग बहादुर रानाभाट, प्रथम उपाध्यक्ष हरि पराजुली, कृषी विकास बैंक वरिष्ठ शाखा प्रवन्धक हिमलाल श्रेष्ठ, सोही वैंकका वरिष्ठ शाखा प्रमुख भोला शर्मा, मञ्चका सल्लाहाकार संयोजक दिल बहादुर गुरुङ, सल्लाहाकार शम्भु कार्की, द्वितिय उपाध्यक्ष दिल बहादुर गुरुङ, पश्चिमाञ्चल क्षेत्रीय खेलकुदका कार्यालय प्रमुख लक्ष्मण प्रसाद योगी, एथ्लेटिक्स संघका केन्द्रिय सदस्य गज बहादुर गुरुङ, मञ्चका सचिव कृष्ण तिमिल्सिना लगायतले मेडल, नगद तथा प्रमाणपत्र वितरण गरेका थिए । १५ औं सफल पोखरा अन्तर्राष्ट्रिय म्याराथन अन्तर्गत यस बर्ष कोरोनाको कारण विभिन्न चार चरणमा विभिन्न इभेण्ट आयोजना गरिएको अध्यक्ष गुरुङले जनाए ।

यस अघि दौडको शुभारम्भ पोखरा रंगशालाबाट पोखरा महानगरपालिकाका प्रमुख मान बहादुर जिसीले गरेका थिए । विश्वभर कोभिड १९ का कारण सम्पूर्ण स्वास्थ्यका मापदण्ड अपनाउँदै दौड कार्यक्रम आयोजना गरिएको मञ्चका आजिवन सदस्य तथा स्वास्थ्य समितीका संयोजक सम्मर बहादुर श्रेष्ठले बताए ।

कार्यक्रममा सहभागीहरुलाई नेलम्वो नेपालले स्वास्थ्यका सामाग्री मास्क र सेनीटाइजरहरु समेत वितरण गरेको थियो । त्यसै गरी दौडतर्फ २०० जना धावकहरुलाई उनीहरुले दौड पुरा गरेको क्रमशंख्याको आधारमा मेडल प्रदान गरिएको मञ्चका प्रथम उपाध्यक्ष हरि प्रसाद पराजुलीले जनाए ।

## मौजामा निर्माण गरिने सेमी हाई अल्टिच्यूड खेल मैदानको शिलान्यास

पोखरापत्र संवाददाता
पोखरा, १४ चैत

अहिले ठूला ठूला रंगशालाहरु शहर केन्द्रित भईरहेका छन् । तर अबको केहि वर्षपछि शहरी कोलाहलबाट मुक्त ठाउँमा खेलकूदको रौनक बढ्ने र दर्शक पनि आकर्षित हुने विश्वासका साथ पोखरा महानगरपालिकाले १६ सय ५० मिटरको उचाईमा फुटबल मैदान निर्माण थालेको छ ।

मैदानको शनीबार एक कार्यक्रमबीच शिलान्यास गरिएको हो । पोखरा महानगरका मेयर मानबहादुर जिसी र गण्डकी प्रदेशका सांसद विन्दुकुमार थापाले मैदानको शिलान्यास गरे । "सेमी हाई अल्टिच्यूड" खेल मैदान का रुपमा निर्माण गर्न लागिएको यो मैदान समुन्द्री सतहबाट १६ सय ५० मिटरको उचाईमा बन्ने भएकाले यसको आफ्नो छुट्टै विशेषता रहने महानगरको विश्वास छ । खेलकूदको माध्यमबाट पर्यटन प्रर्वद्धन गर्ने उद्देश्यका साथ खेल मैदान निर्माण गर्न थालिएको महानगरका मेयर मानबहादुर जिसीले बताए । विश्वकै उत्कृष्ठ ठाउँमध्ये पोखरा पनि एक रहेको भन्दै उनले खेलकूदको माध्यमबाट पर्यटन प्रर्वद्धनका लागि खेल मैदानले सहयोग गर्ने विश्वास उनले व्यक्त गरे ।

मैदानका लागि आवस्यक सहयोग गर्न प्रदेश सरकारको तर्फबाट आवस्यक पहल गर्ने गण्डकी प्रदेशका सांसद विन्दुकुमार थापाले आश्वासन दिए । सो अवसरमा बोल्दै शहरी योजना आयोगका उपाध्यक्ष डा. आरसी लामिछानेले मैदानको निर्माणसंगै खेल गतिविधि बढ्न सकेमा ग्रामिण क्षेत्रको आर्थिक विकास तिव्र हुने बताए । मैदान निर्माणका लागि प्राविधिक तयारी पनि पूरा गरिएको छ । करिब १६ करोड लागत लाग्ने यो मैदान सम्याउनका लागि महानगरले यस वर्ष रु ४० लाख विनियोजन गरिसकेको छ भने वर्षेनी यसमा आवस्यक बजेट विनियोजजन गरिने महानगरपालिका योजना महाशाखा प्रमुख, ईन्जिनियर शारदामोहन काफ्लेले बताए । यो खेल मैदानमा इलेभन ए साईड फुटबल खेल्न मिल्नेगरी संरचना निर्माण गरिने छ । मैदानसँगै त्यहाँ करीब ३ हजार दर्शक अटाउने क्षमताको प्राकृतिक प्याराफिटसमेत निर्माण गरिने वड नं २० का अध्यक्ष सिम गुरुङले बताए । त्यस्तै, खेलाडीका लागि चेञ्जिङ रुम, शौचालयलगायतका संरचनापनि निर्माण गरिनेछ । सो मैदानको दक्षिणी भागमा बास्केटबल र भलिवल कोर्टसमेत बनाईनेगरी डिपीआर तयार भएको छ ।

खेल मैदान बनाईसकेपछि नेपालको राष्ट्रिय फुटबल टिमलाई प्रशिक्षण (क्लोज क्याम्पमा राखेर) पनि गराउन सकिने वडाध्यक्ष गुरुङले बताए । खेल मैदान नजिकै नेपालकै चर्चित आँटी घर मौजा होम-स्टेसमेत भएकाले त्यहिं राखेर क्लोज क्याम्प चलाउन सकिने उनको भनाई छ । 'हिमालको काखमा ग्रामिण परिवेशमा अर्गानिक वस्तुहरु खाएर प्रशिक्षण गराउने हो भने पक्कैपनि नेपालको फुटबलमा सकारात्मक नतिजा दिन्छ भन्नेमा हामी विश्वस्त छौं'-उनले भने । उत्तरमा लहरै खुलेका हिमालको काखैमा रहेको यो मैदानमा कुनेपनि खेल खेल्न पाउँदा खेलाडीहरुलाई समेत छुट्टै अनुभव हुनेछ । मैदानबाट माछापुच्छे हिमाल र अन्नपूर्ण हिमालका श्रृंखलाहरु दृश्यावलोकन गर्न सकिन्छ । उसो त खैल मैदान नजिकैको थुम्कोबाट पोखरा बजारसँगै नजिकका क्षेत्रहरु प्रष्टसँग देखिन्छ ।

एक दशकअघि मेला र महोत्सव गर्ने खुला चौरमा अन्तराष्ट्रिय मापदण्डको फुटबल मैदान निर्माणका गर्न लागि स्थानीयबासी पनि कस्सिएका छन् । शिलान्यास कार्यक्रम चलिरहँदा स्थानीयहरुले पञ्चे बाजा सहित मैदान निर्माणको स्वागत गरे । आँटीघर मौजाको थाप्लोमा रहेको यो मैदान भन्दा उत्तर तर्फ आवस्यक अरु पनि जग्गा भएकाले मैदानका लागि जग्गाको अभाव नहुँने उनीहरुको विश्वास छ। फुटबल मैदान निर्माण भएपछि होमस्टेलाई प्रभावकारी बनाउन सकिए आँटीघर मौजा खेल मैदानमा राष्ट्रियस्तरकै प्रतियोगिता सञ्चालन गर्न सकिने उनीहरुको भनाई छ। गाउँमा पर्यटन प्रर्वद्धन तथा खेल क्षेत्रको समेत विकासमा थप टेवा मिल्ने स्थानीय शुसिल बस्नेतले बताए । यसअघि पोखरा महानगरपालिकाले आफनो पाँचौ नगरसभा मार्फत मौजामा हाई अल्टिच्युड खेल मैदान निर्माण गर्ने योजना अघि सारेको थियो ।

## होलीमा विशेष सावधानी अपनाउन अनुरोध

पोखरापत्र संवाददाता
पोखरा, १४ चैत


कोभिड-१९ को जोखिमलाई दृष्टिगत गर्दै नेपाल प्रहरीले होली पर्व मनाउँदा विशेष सावधानी अपनाउन सबैमा अनुरोध गरेको छ ।

विश्व्व्यापी महामारीका रुपमा फैलिएको कोभिड-१९ सङ्क्रमण फैलन सक्ने भएकाले नेपाल सरकारले जारी गरेको निर्देशन र स्वास्थ्य मापदण्डलाई पूर्ण पालना गर्न पनि प्रहरीले विशेष अनुरोध गरेको छ ।

प्रहरीले ७७ वटै जिल्ला प्रहरी कार्यालयलाई आवश्यक निर्देशन दिँदै स्वास्थ्य मापदण्ड पालना गराउन र शान्तिसुरक्षा चुस्त बनाउन आवश्यक निर्देशन दिइसकिएको प्रहरी प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक वसन्तबहादुर कुँवरले जानकारी दिनुभयो । "सरकारले घरघरमै बसेर होली बनाउन अनुरोध गरिसकेको छ, भीडभाडमा पुगेर समूहगत रुपमा होली नमनाउन भनिसकेको अवस्थामा त्यसलाई कार्यान्वयन गर्न मातहतका सबै प्रहरी कार्यालयलाई निर्देशन दिइएको छ", प्रवक्ता कुँवरले भन्नुभयो । यस वर्ष आइतबार पहाडी क्षेत्रमा र सोमबार तराईमा होली मनाइँदै छ ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले भारत, बेलायत, फ्रान्सलगायत युरोपेली मुलुकमा कोभिड-१९ को सङ्क्रमणको दरमा वृद्धि भएको र नेपालमा पनि प्रभाव पर्न सक्ने भन्दै सावधानी अपनाउन अनुरोध गरिसकेको छ । काठमाडौं प्रशासनले पनि सङ्क्रमणको जोखिम उच्च रहेको भन्दै होली पर्वलाई आफ्नो घर भित्रै सीमित गरी सामाजिक सांस्कृतिक मर्यादानुसार खेल्न भनेको छ । बाहिर हिँड्दा अनिवार्य मास्क लगाउन, भौतिक दूरी कायम गर्न, स्यानिटाइजरको प्रयोग गर्न र स्वास्थ्य मापदण्डलाई पालना गर्न आग्रह गरिएको छ ।

यसरी सार्वजनिक स्थानमा आउँदा जाँदा मास्क प्रयोग नगर्ने र स्वास्थ्य मापदण्डको पालना नगर्नेलाई सङ्क्रामक रोग ऐन २०२० अनुसार कारवाही हुने गृह मन्त्रालयले जनाएको छ। स्वास्थ्य मन्त्रालयले 'होलीमा हूल तथा ठूला जमघटबाट टाढा बसौं, कोरोना होइन, माया बाँडौं' भनेर सन्देश प्रवाह गरेको छ ।



# खुदी खोलामा मोटरेवलपुल बन्छः सांसद कोइराला

**पोखरापत्र संवाददाता**
**पोखरा, १४ चैत**

पोखरा महानगरपालिका वडानं ३० र ३२ जोडने सात मुहाने खुदी खोलामा मोटरेवल पुल निर्माण हुने भएको छ।

कास्की क्षेत्रनं १(१)का प्रदेश सांसद दीपक कोइरालाले शनिबार स्थलगत अवलोकनसंगै दुवै वडाका जनप्रतिनिधि र स्थानीयहरु संगको छलफलपछि कोइरालाले उक्त कुरा बताउनु भएको हो ।अर्थ तथा विकास समितिका सभापति समेत रहनु भएका सांसद कोइरालाले महानगर, प्रदेश सरकार विच आफुले छलफल गरेर खुदी खोलामा पुल निर्माण जसरीपनि गर्ने प्रतिवद्धत्ता जनाउनु भयो । दुवै वडाका स्थानीयले राखेका भनाईहरु आ आफ्नो ठाउँबाट ठिक देखिएपनि खुदी खोलामा दुईवटा पुल निर्माण नगरे सम्म समस्या समाधान नहुने उहाँको भनाई थियो । वडानं ३२



का वडाध्यक्ष अक्कल बहादुर कार्कीले प्रदेश सांसद, वडाका जनप्रतिनिधि र स्थानीय विच भएको छलफलले समस्याको समाधान दिने बताउनु भयो। वडानं ३०का जनप्रतिनिधि सोमलाल कंडेल,चोला बराल,३२का विष्णु तिवारी ३२का उपभोक्ता अर्जुन मल्ल,जेवी घले,३०का उपभोक्ता कृष्ण पौडेल लगायतले पुल निर्माण नहुदा स्थानीयलाई र रुपा बाट शव ल्याउन समेत समस्या परेको बताउनु भएको थियो।

विकासको लागि आफुहरु बाधक नभए तर जहाँ बढी समस्या हो त्यहीबाट विकास शुरु हुनुपर्ने अर्जुन मल्ल र जेवी घलेको भनाई थियो भने कृष्ण पौडेलले डिपिआर पनि भइसकेकोले वडानं ३०मा पर्ने कजवेमै पुल निर्माण हुनुपर्नेमा जोड दिनुभएको थियो।

यस बर्षको बर्षाको कारण पहिरोले मोटरबाटो बगाएसंगै र बाढीले खुदी खोलाको कजवे बगाएपछि अहिले सात मुहाने र माथिल्लो गगनगौडा आवतजावतको लागि खुदी खोला छेउमा ब्यक्तिको पल्लटिङ गरेको जग्गा प्रयोग गरेर घुमारोबाट हिड्न बाध्य भएका छन्।

खुदीखोला बस्तीका बासिन्दा आवजावतमा समेत निकै कष्ठ वेहोर्न बाध्य भएका छन्। पोखरा महानगरले वडानं ३० मा रहेको कजवेमा मोटरेवलपुल निर्माण गर्ने बताएपछि वडानं ३२का स्थानीय आक्रोसित भएका छन् । प्राथामिकताको आधारमा विकास निर्माण हुनुपर्नेमा वडा छुट्टाएर विकास गर्न लागेको भन्दै स्थानीयले आक्रोश पोखेका हुन । वडानं ३० का जनप्रतिनिधिले भने अहिले योजना नभएर २०७५-०७६कै रातो किताबमा परेको बजेट कोरोनाको कारण यस बर्ष काम शुरुहुन थालेको जनाएका छन् ।आजको छलफलमा स्थानीयको बाक्लो उपस्थिति रहेको थियो।

# महिला मानव अधिकार रक्षक कास्कीमा इन्द्रकुमारी शर्मा

**पोखरापत्र संवाददाता**
**पोखरा, १४ चैत**

महिला मानव अधिकार रक्षक सञ्जाल कास्कीमा इन्द्रकुमारी शर्माको नेतृत्वमा नयाँ कार्यसमिति चयन भएको छ। कास्कीको १३ औ साधारण सभा तथा नवौं अधिवेशनले शर्माको नेतृत्वमा १९ सदस्यीय नयाँ समिति चयन गरेको हो। सञ्जालको उपाध्यक्षमा केशु भुजेल, सचिवमा शारदा खत्री, सहसचिवमा विना पुन र कोषाध्यक्षमा भिमा पौडेल सर्वसम्मत चयन हुनुभएको छ।

त्यस्तै सञ्जालको सदस्यहरुमा ज्ञानुसरा थापा, मिना थापा, सरस्वती कार्की, प्रमिला श्रेष्ठ, इन्दीरा तिवारी, मिना पाण्डे, मञ्जु नेपाली, नाजवुन निशाखान, शान्ति थाउबब मगर, पवित्रा गुरुङ, रविना श्रेष्ठ,क्षमता खड्का, गुना गुरुङ र इन्दीरा पौडेल चयन हुनुभएको छ । नवनिर्वाचित अध्यक्ष शर्माले महिला अधिकार स्थापितका लागि संविधानले प्रदान गरेको महिला अधिकारलाई स्थापित गर्न आफू नेतृत्वको समिति लागि पर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो। यसअघि अधिवेशनको गण्डकी प्रदेशका उपसभामुख सृजना शर्माले उद्घाटन



गर्नुभएको थियो । उहाँले पछिल्लो समय महिलाहरु जागरुक भएर अगाडि आइरहे पनि अझै आफ्नो अधिकारलाई पूर्ण रुपमा उपभोग गर्न नपाएको बताउनुभयो । महिलाको विकासको लागि सामाजिक, आर्थिक, राजनैतिक, सांस्कृतिक सबै पक्षबाट सशक्त हुन जरुरी रहेको जनाउँदै महिलाले शिक्षा र आर्थिक पक्षमा पनि जोड दिनुपर्ने उल्लेख गर्नुभयो। उहाँले नेपालका संविधानले महिलाका धेरै अधिकार स्थापित गरेको उल्लेख गर्दै अब महिलाले आफ्नो भूमिकाको खोजी गरेर अघि बढ्ने समय आएको बताउनुभयो ।

महिला मावन अधिकार रक्षक सञ्जाल कास्कीका अध्यक्ष तारामाया थापा मगरले कोभिड १९ को असहज परिस्थितीमा पनि विभिन्न संघ संस्था सँगको सहकार्यमा महिला अधिकार, मानसिक स्वास्थ्य, प्रजनन स्वास्थ्य लगायतका जनचेतना र क्षमता अभिवृद्धिका कार्यक्रमहरु गर्न सफल भएको बताउनुभयो । उहाँलेअध्यक्षतामा अधिवेशनको उद्धाटन कार्यक्रम सम्पन्न भएको थियो।

सो अवसरमा संस्थाका सल्लाहकार एवम् पूर्व अध्यक्ष न्यायधिश सरला पाण्डे, वेपत्ता छानबिन आयोगका सदस्य सरीता थापा सहित विना सिलवाल, जुना गुरुङ, नन्दकला नेपाली, जानकी शर्मालाई संस्थागत विकासमा योगदान पुऱ्याएको भन्दै सम्मान समेत गरिएको थियो। कार्यक्रममा सचिव केशुले प्रगति प्रतिवेदन र कोषाध्यक्ष विना आर्थिक पेश गर्नुभएको थियो।

# एन प्याब्सन कास्कीको साधारण सभा

**पोखरापत्र संवाददाता**
**पोखरा, १४ चैत**

नेशनल प्याब्सन कास्कीको साधारण सभा शनिवार सम्पन्न भएको छ । साधाराण सभाको उद्घाटन गर्दै नेशनल प्याब्सनका केन्द्रीय वरिष्ठ उपाध्यक्ष ज्ञानेन्द्र मोहन भट्टराईले पछिल्लो समयमा विद्यालय सञ्चालन गर्न प्रतिकुल अवस्था रहेकोले यसलाई अनुकुल बनाउँदै लैजानु पर्ने बताए।

'जव विपत र महामारी सृजना हुन्छ त्यसको प्रत्यक्ष असर विद्यालयमा पर्दछ' उनले भने, 'समस्यालाई चिर्दै विद्यालयलाई अनुकुलतामा लैजानु हाम्रो दायित्व हुन्छ।' एन प्याब्सन कास्कीले गरेका हरेक गतिविधि उल्लेखनिय रहेको बताउँदै उनले यस्ता कार्यक्रमलाई निरन्तरता दिन सुझाव दिए। नेशल



प्याब्सनका केन्द्रीय उपाध्यक्ष तथा गण्डकी प्रदेशका प्रमुख याम खड्काले विद्यालयको गुणस्तर वृद्धि गर्न नसके विद्यालय धरासयमा पर्ने बताए। 'सयम अनुसार हामीले विद्यालयको गुणस्तर वृद्धि गर्न सकेनौ भने विद्यालय वन्द हुने अवस्था सृजना हुन्छ' उनले भने,' विद्यालयलाई दीर्घकाललिन रुपमा सञ्चालन गर्नका लागि हामी परिमार्जित हुन जरुरी छ ।' नेशनल प्याब्सनका केन्द्रीय सदस्य रामबहादुर थापाले संस्थागत विद्यालयलाई नेपाल सरकारले हरेक तवरले दावाव दिन थालेको बताउँदै संस्थागत विद्यालयहरु एक जुट भएर लाग्नु पर्ने उल्लेख गरे । नेशनल प्याब्सनका केन्द्रीय सदस्य तथा नेशनल प्याब्सन कास्कीका निवर्तमान अध्यक्ष रामबहादुर मोचीले शिक्षण पद्धतीमा परिमार्जीत गरेर लैजानु अहिलेको आवश्यकता भएको बताए । कार्यक्रममा नेशनल प्याब्सनको केन्द्रीय सदस्य मनोनित भएकोमा नेशनल प्याब्सन कास्कीका निवर्तमान अध्यक्ष रामबहादुर मोचीलाई सम्मान गरिएको थिए।

कार्यक्रममा नेशनल प्याब्सन कास्कीका सचिव मनकाजी गुरुङले प्रस्तुत गरेको वार्षिक संगठानीक प्रतिवेदन र कोषाध्यक्ष रत्ना गुरुङले प्रस्तुत गरेको आर्थिक प्रतिवेदन साधारण सभाले पारित गरेको छ।

नेशनल प्याब्सन कास्कीका अध्यक्ष हेमन्त अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा द्धितीय उपाध्यक्ष केशवशरण पौडेले स्वागत र सचिव मनकाजी गुरुङले कार्यक्रम सञ्चालन गरेका थिए।

# विपि विचार समाजको अध्यक्षमाः खड्का

**पोखरापत्र संवाददाता**
**स्याङ्जा, १४ चैत**

नेपाली काँग्रेसका संस्थापक नेता विश्वश्वर कोइरालाको नाम बाट गठित विपि विचार समाज स्याङ्जाको अधिवेसन सम्पन्न भएको छ।

अधिवेसनले कमलबहादुर खड्कालाई अध्यक्षमा चयन गरेको छ। नेपाली काँग्रेस स्याङ्जाका नेता भोजराज अर्याल अध्यक्ष रहेर स्थापना गरिएको समाजको उपाध्यक्षमा रहेका खड्कालाई अध्यक्षमा चयन गरेको हो । समाजको उपाध्यक्षमा गोपाल प्रसाद ढकाल, सचिवमा खगेनद्र प्रसाद अर्याल, सह–सचिवमा केशर बहादुर खाँण(ध्रुव) र कोषाध्यक्षमा देवी अर्याल चयन भएका छन्। त्यसै गरी सदस्यहरुमा हरिहर पाण्डे, शालिकग्राम न्यौपाने, गितानाथ खनाल, सिता गैह्रे, शान्ता थापा रहेका छन्। अन्य सदस्यहरु जिल्ला कार्य समितिले थप गर्ने गरी अधिवेसन सम्पन्न भएको समाजका पुर्व अध्यक्ष भोजराज



अर्यालले बताए। अधिवेसनले चैत्र २१ र २२ गते हुने राष्ट्रिय भेलाका लागि ४ सदस्य केन्द्रीय प्रतिनिधि समेत चयन गरेको छ। कमलबहादुर खड्का, गोपाल ढकाल, देवीप्रसाद अर्याल र देवी अर्याललाई केन्द्रीय प्रतिनिधिमा चयन भएको समाजका सचिव खगेन्द्र अर्यालले जानकारी दिए । अधिवेसनको भेलालाई सम्वोधन गर्दै पुर्व अध्यक्ष भोजराज अर्यालले विपिको सिद्धान्त र प्रजातान्त्रिक विचारलाई गाँउ गाँउमा पुऱ्याउने उदेश्यले यो समाजको गठन भएको बताए । काँग्रेसले विपिको विचारलाई अगाल्न नसक्दा पछिल्लो समय पार्टी कमजोर बन्दै गुट–उपगुटमा जेलिएको आरोप अर्यालको थियो। अधिवेसन भेलाले नेपाली काँग्रेसका केन्द्रीय सदस्य तथापुर्व मन्त्री नविन्द्र राज जोशीको निधन भएकोमा शोक प्रस्ताव सहित मौनधारण गरिएको थियो। काँग्रेसले एक कुशल संगठनकर्ता, त्यागी र निष्ठावान नेता गुमाएको भन्दै समाजले काँग्रेसलाई जोशीको निधनले ठुलो क्षती भएको जनाएको छ।

# साहित्यकार थापाको पाँचौं कृति 'अक्षरहरुको मूर्च्छना' लोकार्पण

**पोखरापत्र संवाददाता**
**पोखरा, १४ चैत**

साहित्यकार लक्ष्मण थापाको पाँचौ कृति कविता संग्रह 'अक्षरहरुको मूर्च्छना' शनिबार एक समारोहका विच लोकार्पण गरिएको छ। कृतिको प्रमुख अतिथि तथा अतिथिहरुले सम्युक्त रुपमा लोकार्पण कार्यक्रमको उद्घाटन गरेका थिए।

पोखरेली साँस्कृतिक परिवारको आयोजनामा भएको कार्यक्रममा प्रमुख अतिथि वरिष्ट साहित्यकार, राष्ट्रिय संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका पुर्व कुलपति सरुभक्तले कवि तथा साहित्यकारले संख्या भन्दा अजम्बरी हुने कृति प्रकाशन गर्नुपर्ने वताउनु भएको थियो। साहित्यकार तथा प्राज्ञ तिर्थ श्रेष्ठले असल साहित्यकारले शव्दहरुलाई उचित सम्मान गर्न सक्नु पर्ने वताउँदै आफ्ना रचनाहरुमा अनावश्यक थोपारेर शव्दको अवमुल्यन गर्न नहुने वताउँनु भएको थियो । सो अवसरमा विम्ब कवि रमेश श्रेष्ठ, पोखरा महानगर प्रज्ञा प्रतिष्ठानका कुलपति पदमराज ढकाल, लोक गायीका प्राज्ञ हरिदेवी कोइराला, नवनीत साहित्य सागरका अध्यक्ष तथा छोरेपाटन माविका प्रधानाध्यापक डिल्लीराम शर्मा लगाएतले शुभकामना व्यक्त गर्दै श्रष्टा थापाले आफ्नो मनमा भएका उकुस मुकुसहरुलाई रचनाहरु मार्फत व्यक्त गर्ने स्वभाव रहेको व्यक्ति भएको वताएका थिए। श्रष्टा लक्ष्मण थापाले पोखरेली साँस्कृतिक परिवारले आफुलाई कवि बनाउन प्रेरणा दिएको तथा पुछार सिटे अभियानले कृति प्रकाशनमा हौसला मिलेको वताउँदै यस कार्यमा सहयोग गर्ने सम्पुर्ण प्रति हार्दिक आभार व्यक्त गर्नु भएको थियो।

कार्यक्रममा कृतिको समालोचनात्म समिक्षा सन्जिव पौडेलले र श्रष्टा परिचय पोखरेली साँस्कृतिक परिवारका पुर्व अध्यक्ष दीपक समिपले गर्नु भएको थियो। पोखरेली साँस्कृतिक परिवारका अध्यक्ष माती भुजेलको अध्यतामा भएको कार्यक्रममा स्वागत उपाध्यक्ष उपेन्द्र पौडेलले र कार्यक्रम संचालन सचिव डा. चैतन्य अधिकारीले गरेका थिए।

# कास्की काँग्रेस नेता जोशीको निधनमा स्तब्ध

**पोखरापत्र संवाददाता**
**पोखरा, १४ चैत**

नेपाली काँग्रेस कास्कीले पार्टीका केन्द्रीय सदस्य नवीन्द्रराज जोशीको निधनले पार्टीलाई स्तब्ध बनाएको जनाएको छ।

कास्की काँग्रेसका सभापति कृष्ण केसीले शनिवार जारी गरेको शोक विज्ञप्तिमा नेता जोशीको निधनले पार्टीमा अपुरणीय क्षति पुगेको उल्लेख छ। पूर्व मन्त्री, नेपाल विद्यार्थी संघका पूर्व महामन्त्री, शालिन व्यत्तित्व, कुशल संगठक, इमान्दार, त्यागी, कार्यकर्ता र जनताका बीचमा लोकप्रिय नेता जोशीको निधनले शुभेच्छुक र प्रजातन्त्रवादीलाई स्तब्ध बनाएको शोक विज्ञप्तिमा भनिएको छ । विज्ञप्तिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै आमा, धर्मपत्नी, परिवारजन र आफन्तमा समवेदना व्यक्त गरिएको छ।




**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरूषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समयः** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

**सम्पर्क स्थान :**
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५३९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

चिन्तन मन लिएर निदाउनुको अर्थ, हृदयमा भारी बोकेर सुत्नु हो । – हेली वर्टन

## सम्पादकीय

# भिडभाड नगरी होली मनाऔं

बसन्त ऋतुको आगमनसँगै आपसी मेलमिलाप र सद्भावको पर्वको रुपमा फागु पुर्णिमालाई लिने गरिन्छ । फाल्गुण शुक्ल पूर्णिमाका दिन मनाइने फागु पर्व पहाडी जिल्लामा हर्षोल्लासका साथ मनाइने गरीन्छ । तराइमा भने त्यसको भोलीपल्ट मनाइने गरिन्छ । फागु पर्वमा विभिन्न रंग दलेर मनाउने गरिन्छ । फागु पूर्णिमा धार्मिक कथासँग जोडिएको पर्व हो । त्रेतायुगमा दैत्यराज हिरण्यकश्यपुले विष्णु भक्त आफ्ना पुत्र प्रल्हादलाई मार्ने उद्देश्यले ब्रम्हाबाट आगोले हुन नसक्ने बरदान पाएकी आफ्नी बहिनी होल्लिकालाई प्रल्हादका साथ दन्किरहेको आगोमा पस्न लगाउदा होलिका आफैं भष्म भएकी तर भक्त प्रल्हादलाई आगोले छुन नसकेको कथा फागुसँग जोडिएको छ । शक्तिको दुरुपयोग गर्ने प्रवृत्तिको प्रतिक बनेकी होलिका मारिएको उपलक्ष्यमा फागु खेल्ने परम्परा चलेको मानिन्छ । द्वापरयुगमा श्रीकृष्ण भगवानलाई मार्न मामा कंशद्वारा पठाइएको राक्षस्नी पुतनाले विष दलिएको स्तन चुसाउन लाग्दा असफल भइ मारिइन । पुतनालाई गोपालवासीले जलाई फागु महोत्सव मनाउने परम्परा चलेको धर्मग्रन्थमा उल्लेख छ । अनेक मिथकमा आधारित फागु वा होली हाम्रो मौलिक पर्व हो ।

फागु वा होलीलाई रंगको पर्वको रुपमा समेत मनाउने गरिन्छ । नेपालका हिमाल, पहाड र तराइमा मनाउने गरिन्छ । मुस्ताङमा थकालीहरुले तोरन्त भनेर मनाउँछन् । फागुमा प्रयोग हुने रंगमा रातो रंगलाई विजयको प्रतिक मानिने गरिन्छ । होलीका दहनलाई सत्यको विजय भएको ठानी विजयप्रकट गर्ने रातो रंग प्रयोग हुने गरेको छ । निलो रंग मानवता र धैर्यतालाई दर्शाउँछ । पहेलो रंग भगवान श्रीकृष्णको प्रिय रंग हो । होलीले मानिस अनि रंगहरुवीचको सम्वन्ध र रंगले पार्ने उत्साह वा बारेमा व्याख्या गरेर रंगको पर्वको रुपमा लिने गरिएको छ । यो पर्व नेपालको सबै भूगोल, हिन्दु, बौद्ध र मुस्लिम धर्म मान्नेले पनि मनाउने गरेका छन् । सबै उमेर समुहले फागु मनाउने गर्दछन् । फागु पर्वमा पहाड र तराईमा छुट्टाछुट्टै दिन सार्वजनिक विदा दिने गरिएको छ । सबै समुदायका नेपालीवीच एक आपसमा भाइचारा र घनिष्टता अभिवृद्धि गर्न सघाउँदै आएको छ ।

चाडपर्वहरु मनाउँदा त्यसको ऐतिहासिक र सांस्कृतिक महत्ववारे जानकारी दिने काम कम हुँदै गएको छ । हरेक चाडपर्व अहिले व्यापार गर्ने माध्यम भएका छन् । खेतवारी, जंगल या प्रकृतिमा उम्रेका या भेटिने प्राकृतिक रंग प्रयोग गरेर खेलिने फागु आयातित रंगको प्रयोग हुने गरेको छ । मानव स्वास्थ्यमा असर पार्ने रंगको प्रयोग गर्ने, टिसर्ट बनाएर बेच्ने, मादक पदार्थ र पेय पदार्थ बेच्ने अवसरको रुपमा लिने गरिएको छ । रंग दल्ने भन्दा पिचकारी छ्याप्ने काम भएका छन् । हाम्रा संस्कृतिमाथि एकपछि अर्को अतिक्रमण भएको छ । पर्वहरु हाम्रो जीवनका पर्याय हुन् । पर्व मनाउँदा सु-स्वास्थ्य र दिर्घायुको कामना गर्ने गरिन्छ । पूजीवादले मानवको स्वास्थ्य, दिर्घायू र खुशी भन्दा व्यापारलाई जोड दिँदा पर्वमा विकृति भित्रीएका छन् । आयातित सामानले मौलिकता हराउँदै गएको छ । पर्व बुझेर मनाउने र मानव जीवनलाई असर पुऱ्याउने रंग र अन्य बस्तु भन्दा प्राकृतिकको प्रयोग गरेमा पर्वको सान्दर्भिकता वढेर जानेछ । बजारको लहलहैमा बस्तु र सामाग्रीको प्रयोग गरेमा स्वास्थ्यमा असर पुग्ने र मौलिकता हराउदै जान्छ । हाम्रो संस्कृति जोगाउन आपसी सद्भाव र भाइचारा सम्बन्ध कायम गर्न विकृति र विसंगति हटाउनु पर्दछ । विकृति र विंसगति हटाएर मात्र मौलिक पर्वको मर्यादा जोगाउन सकिन्छ । कोरोना भाइरस (कोभिड-१९) का कारण ठुलो जमघट, भोजभतेर र अबिर दलेर हिंड्ने अवस्था छैन । यसपाली अबिर दलेर हिंड्ने, ठुलो जमघट हुँदा संक्रमण फैलिन सक्छ । संक्रमणबाट जोगिन यसपाली फागुको तडकभडक नगरिकन सामाजिक संजाल र संचारको माध्यमबाट सन्देश दिएर पनि मनाउन सकिन्छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारिरीक झमेला | तुला | : सत्कार मिल्नेछ |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : सम्मान मिल्नेछ | धनु | : मन चञ्चल |
| कर्कट | : ब्यापारमा लाभ | मकर | : कार्यमा सफलता |
| सिंह | : शत्रुको भय | कुम्भ | : झमेला बढ्ने |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : मानसिक तनाब |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।






**बडा मजाको आयुर्वेदिक**

१. मोटोपन घटाउन/ बढाउन
२. यौन शक्ति बढाउन/शीघ्र स्खलन रोक्न
३. पेटको सेतो धर्सा हटाउन, योनी टाईट गर्न
४. स्तन घटाउन/ बढाउन/टाइट गर्न
५. कपाल झर्न रोकी पुन: उर्मान
६. अनुहारको चायाँ, पोतो, डण्डिफोर हटाउन
७. जाँडरक्सी चुरोटको कुलत छुटाउन-
८. शरीरको हाइट बढाउन
९. लेडिज/ जेन्स सेक्स टोय पनि पाइन्छ ।

सम्पर्क: सिर्जनाचोक, पोखरा
मो. ९८४८७०५९४८, ९८४३६०८५१३


# लेखनाथ पत्रकार मञ्चको दोश्रो अधिवेशन, अध्यक्षमा खनाल

**पोखरापत्र संवाददाता**
**पोखरा, १४ चैत**

लेखनाथमा कृयाशील तथा लेखनाथबाट विभिन्न सञ्चार माध्यममा आवद्ध पत्रकारहरुको छाता संगठनका रुपमा रहेको लेखनाथ पत्रकार मञ्चको दोश्रो अधिवेशन सम्पन्न भएको छ ।

लेखनाथ क्षेत्रको समृद्धिका लागि पत्रकारिता भन्ने नाराका साथ स्थापना भएको मञ्चको तेस्रो वार्षिक साधारण सभा एवं दोश्रो अधिवेशनले कविराज खनाललाई सर्वसम्वत चयन गरेको छ ।यसैगरी मञ्चको उपाध्यक्षमा सुमन जि.सी., सचिवमा विष्णुहरि पौडेल, कोषाध्यक्षमा राजन परियार, सह-सचिवमा सचिन रानाभाट सर्वसम्वत रुपमा चयन भएका छन् ।



सदस्यहरुमा महेन्द्र ढुङ्गाना, रामशरण नेपाली, ज्योति हमाल, कृष्णप्रसाद लामिछाने, विशाल वि.क., सुजित परियार र सञ्जय आचार्य र ऋषिराम रानाभाट, रहेका छन् । त्यसैगरी परशुराम आचार्यको संयोजकत्वमा ११ सदस्यीय सल्लाहकार समिति समेत चयन गरिएको छ । यस अघि उद्घाटन सत्रमा बोल्दै नेपाल पत्रकार महासंघ कास्कीका सचिव रामप्रसाद तिमल्सेनाले संस्था जन्माउनु मात्र ठूलो कुरा नभई संस्थालाई निरन्तरता दिनु ठूलो कुरा भएको वताउदै यस क्षेत्रका हरेक सामाजिक क्षेत्रमा मञ्चले गरेको सामाजिक कार्यको प्रसंसा गरे । पत्रकार महासंघ गण्डकी प्रदेश सदस्य रामजी लम्सालले सिष्ट भाषामा सूचना लिनु पर्ने वताउदै पत्रकारहरुको कार्यक्षमता अभिवृद्धि गर्ने कार्यमा जुट्न आग्रह गरे । यसै गरी नेपाल प्रेस युनियन कास्कीका अध्यक्ष नविन सिग्देलले पेशागत हकहितका लागि सम्पूर्ण पत्रकारहरु एक जुटहुनु पर्ने बताउदै पत्रकारितालाई समाज सेवाको रुपमा लिन आग्रह गरे । प्रेस चौतारी कास्कीका अध्यक्ष माधव वरालले नेतृत्वले संस्थालाई चलायमान बनाउनु पर्ने वताउदै लेखनाथ क्षेत्रको समृद्धिका लागि अगाडि बढ्न सुझाव दिए । निवर्तमान अध्यक्ष भीमपाणि वरालको अध्यक्षतामा सम्पन्न साधारण सभा एवं अधिवेशनमा मञ्चका सल्लाहकार हरि वास्तोला,नेपाल टेलिभिजनका सम्वाददाता एवम् मञ्चका सल्लाहकार परशुराम अचार्य, संञ्चारिका समुह गण्डकी प्रदेशका संयोजक स्मीता अधिकारी, सूचना सञ्जाल कास्कीका सह संयोजक शिवराज वस्ताकोटी, दलित प्रत्रकार संघ कास्कीका अध्यक्ष रामशरण नेपाली लगायतले शुभकामना दिएका थिए ।

कार्यक्रममा मञ्चका सचिव विष्णुहरि पौडेलले प्रस्तुत गरेको सचिवको प्रतिवदेन र कोषाध्यक्ष सन्दिप पौडेलको आर्थिक प्रतिवेदन सर्वसम्मत पारित गरिएको थियो । भने सस्थाका उपाध्यक्ष कविराज खनालले धन्यवाद ज्ञापन गरेका थिए । नयाँ कार्य समितिका पदाधिकारीहरुलाई निर्वाचन समितिका महेश्वर पाण्डे, भरतप्रसाद तिवारी र रामजी होभ्ज्ञाले सपथ ग्रहण गराएका थिए ।

# बेनी-जोमसोम सडकमा सिधा यातायात बन्द

**पोखरापत्र संवाददाता**
**म्याग्दी, १४ चैत**

विस्फोटक पदार्थको प्रयोग गरेर स्तरोन्नति र विस्तारको काम गर्न जिल्लाको उत्तरी क्षेत्र हुँदै हिमाली जिल्ला मुस्ताङलाई जोड्ने बेनी-जोमसोम सडकमा आज बिहानदेखि सिधा यातायात सेवा बन्द भएको छ ।

उत्तरी-दक्षिण जोड्ने राष्ट्रिय गौरवको कालीगण्डकी करिडोरअन्तर्गत बेनी-जोमसोम-कोरला सडक आयोजनाले म्याग्दी र मुस्ताङको सिमानामा पर्ने काभ्रेभिर र कैकुखोला क्षेत्रमा चार दिन सवारी सञ्चालन बन्द गरेको हो । जिल्ला प्रशासन कार्यालय मुस्ताङमा यहाँ चैत ९ गते प्रमुख जिल्ला अधिकारी हीरादेवी पौडेलको अध्यक्षतामा बसेको सरोकारवालाको बैठकले चैत १७ गतेसम्म सवारी आवतजावत रोकेर सडक विस्तार र स्तरोन्नतिको काम गर्ने निर्णय गरेको थियो । सडक स्तरोन्नति, बेस बगाउने तथा पहिराका कारण सवारी साधन चल्न नसक्ने र चलाउँदा पनि अत्यन्तै जोखिमयुक्त हुने भएकाले सम्भावित जोखिम तथा दुर्घटना रोक्न सवारी आवागमन बन्द गर्नुपरेको आयोजनाका सूचना अधिकारी आश्विनीकुमार यादवले बताउनुभयो ।

सडक बन्द हुने स्थानबाहेकका ठाउँमा भने सवारी चल्ने भएका छन् । सवारी साधन परिवर्तन गरेर गन्तव्यमा पुग्ने व्यवस्था मिलाएको यातायात व्यवसायीले बताएका छन् । म्याग्दी र मुस्ताङ खण्डको आन्तरिक यातायात सेवामा भने असर नपर्ने बताइएको छ । बेनी-जोमसोम ७६ किमी सडक चार प्याकेजमा स्तरोन्नति भइरहेको छ ।

प्याकेज नं २ को काभ्रेभिरमा गत पुस १९ गतेदेखि सडक चौडा गर्न शर्मा-गजुरमुखी जेभीले पहाड काट्ने काम गरिरहेको छ । त्यहाँ एक ुराकिलोमिटर ६०० मिटर दूरीमा पहाड काट्नुपर्ने जनाइएको छ । काभ्रेभिर बेनी-जोमसोम सडकको जोखिमयुक्त सडक पनि हो । निर्माण कम्पनीले नेपाली सेनाको सहयोगमा विस्फोटक पदार्थको प्रयोग गरी सडक चौडा गर्ने काम गरिरहेको छ ।

यस्तै सोही खण्डको थासाङ-४ कैकुमा पटक-पटक बाढीले सडक बगाउने र पहिरो जाने हुँदा सडक अवरुद्ध हुने गर्छ ।

करिब रु छ अर्ब लागतको राष्ट्रिय गौरवको बेनी-जोमसोम-कोरला सडक आयोजना विसं २०७४ बाट निमार्ण शुरु गरिएको हो । एक सय १० किलोमिटर दूरीको जोमसोम-कोरला सडक ग्राभेल गर्ने काम भइरहेको छ । करिडोरका अनुसार जोमसोम-कोरला सडकको सात प्याकेजमध्ये चार प्याकेजको काम निर्माण सकिएको । बेनी-जोमसोम सडकमा ६० प्रतिशत र जोमसोम-कोरला सडकमा ८५ प्रतिशत भौतिक प्रगति भएको छ ।

# मादीमा एकैदिन दुई झोलुङ्गे पुल उद्घाटन

**पोखरापत्र संवाददाता**
**पोखरा, १४ चैत**

जिल्लाको पूर्वी भागमा अवस्थित मादी गाउँपालिकामा दुई झोलुङ्गे पुल निर्माण गरिएका छन् ।

गाउँपालिकाको वडा नं ३ र ११ जोड्ने गरी इदीखोला ओल्मा झोलुङ्गे पुल तथा वडा नं ११ को सैमराङ र तासे जोड्ने बुम्लेखोला झोलुङ्गे पुलको शुक्रबार गाउँपालिका अध्यक्ष बेदबहादुर गुरुङ (श्याम) ले उद्घाटन गर्नुभयो । इदीखोला ओल्मा पुलले दुई वडा जोड्ने भएकाले पुल बनेसँगै दुवै वडाका स्थानीयवासी उत्साहित बनेका छन् । पुलले वारपार गर्न सहज बनेको र समयको बचत भएको बताइन्छ । पुल नहुँदा जोखिमपूर्ण यात्रा गर्न बाध्य स्थानीय झोलुङ्गे पुल निर्माण भएपछि हर्षित भएको सोही वडाध्यक्ष मित्रप्रसाद गुरुङले जानकारी दिनुभयो ।



झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रमबाट आयोजना स्वीकृत भई गाउँपालिकाबाट निर्माण गरिएको हो । इदीखोला ओल्मा झोलुङ्गे पुल जनश्रमदानसहित कूल रु ३८ लाख ४९ हजार ६९७ र बुम्लेखोला झोलेङ्गे पुल जनश्रमदानसहित रु ३६ लाख ९५ हजार ८०८ लागतमा निर्माण गरिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नारायणप्रसाद सापकोटाले जानकारी दिनुभयो । गाउँपालिका अध्यक्ष गुरुङले गाउँका जनताको पीर, मर्का बुझ्ने, दुःखमा साथ दिने गरी जनताको घरदैलोको सरकार अघि बढेको बताउनुभयो । जनप्रतिनिधि निर्वाचित भएर आएपछि सडक, मोटरेवल पुल, झोलुङ्गे पुल, वडा कार्यालय भवनलगायतका पूर्वाधार विकासका योजनालाई प्राथमिकतामा राखेर आफूहरूले काम गरिरहेको उहाँको भनाइ छ ।

# आइतबारसम्म मौसम स्थिर रहने

**रासस**
**काठमाडौं, १४ चैत**

शुक्रबारदेखि एक्कासी काठमाडौं उपत्यकाको आकाशमा बाक्लो तुवाँलाले ढाकेको छ ।

जल तथा मौसम विज्ञान विभागका अनुसार हाल देशका केही जिल्लामा डढेलो लागेको र सोबाट सिर्जित प्रदूषणका कण वायुमण्डलमा नै जम्मा भएकाले धेरैजसो स्थानमा प्रदूषण बढ्न गई पारदर्शिता घटेको हो । आइतबारसम्म मौसम स्थिर रहने विभागका मौसमविद् गङ्गा नगरकोटीले जानकारी दिनुभयो । उहाँका अनुसार सोमबारदेखि केही बादल विकसित भई हावा पनि चल्ने देखिएकाले मौसममा केही सुधार हुने सम्भावना रहेको छ ।

विभागका अनुसार देशमा स्थानीय वायुसँगै पश्चिमी वायुकोसमेत आंशिक प्रभाव रहेको छ । दिउँसो पहाडी भूभागमा आंशिक बदली रही बाँकी भूभागमा मौसम सामान्यतया सफा रहेको छ । देशका पहाडी भूभागका एक वा दुई स्थानमा मेघगर्जन/चट्याङसहित फाट्टफुट्ट तथा हल्का वर्षाको सम्भावना रहेको बताइएको छ ।

मौसम पूर्वानुमान महाशाखाको पछिल्लो विवरणअनुसार आज काठमाडौं उपत्यकाको न्यूनतम तापक्रम १० दशमलव छ डिग्री र अधिकतम तापक्रम २८ दशमलव दुई डिग्री सेल्सियस रहेको छ ।

# दमौली खानेपानीको अध्यक्षमा श्रेष्ठ सर्वसम्वत

**पोखरापत्र संवाददाता**
**तनहुँ, १४ चैत**

दमौली खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको अध्यक्षमा वृषराज श्रेष्ठ नेतृत्व सर्वसम्वत चयन हुनुभएको छ । शुक्रबारदेखि शुरु भएको दमौली खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको चौथो अधिवेशन तथा दशौं साधारणसभाले ७१ वर्षीय श्रेष्ठलाई सर्वसम्वत चयन गरेको हो । त्यसैगरी खुला महिलातर्फ योगिता कायस्थ, गौकुमारी न्यौपाने, विन्दु गुरुङ र सूर्यकला काफ्ले चयन भएका छन् ।

त्यसैगरी पुरुष खुल्लातर्फ माधवप्रसाद अधिकारी, विश्वेश्वर सुवेदी, दीर्घ बहादुर थापा क्षेत्री, जगतबहादुर बानियाँ, चिरौकाजी बतास, ओमबहादुर थापा र इन्द्रध्वज गुरुङ चयन भएका छन् । नेपाल उद्योग वाणिज्य महासङ्घका पूर्वकेन्द्रीय सदस्य श्रेष्ठले आफ्नै पानी उद्योग सञ्चालन गर्दै आउनुभएको छ ।

निर्वाचनको तयारी गरिए पनि सबै पदका लागि सर्बसम्वत चयन भएको निर्वाचन संयोजक अमृतबहादुर नेपालीले जानकारी दिनुभयो । खुला र महिलातर्फ गरी ११ सदस्य समितिले तीन जना मनोनित गरेर बनेको १४ सदस्यीय समितिले उपाध्यक्ष, सचिव, सहसचिव र कोषाध्यक्ष गरी मुख्य पदका पदाधिकारीलाई चयन गर्नेछ । व्यासनगरपालिकाको वडा नं २, ३ र ४ का गरी करिब तीन हजार ५०० पानीका धारा जडान गरिएको छ भने सदस्यता दुई हजार ५०० ले नवीकरण गरेका छन् ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्म: वि. स. २०२१/०९/१७

स्वर्गारोहण: वि.स. २०७७/१२/०३ गते

**स्व: हिराराम गिरी**

यस सहकारी संस्थाका सक्रिय शेयर सदस्य **हिराराम गिरी** को ५६ वर्षको उमेरमा भएको असामयिक स्वर्गारोहणले हामी अत्यन्त मर्माहत भएका छौं । यस दु:खद घडीमा दिवंगत आत्माको बैकुण्ठवास एवं चीरशान्तिको कामना गर्दै आज १३ औं दिनको पुण्यतिथिमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति भगवानले प्रदान गरुन् भनी कामना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**ध्रुव कुँवर**
**अध्यक्ष तथा**
**कर्मशिल बचत तथा ऋण सहकारी संस्था लि. परिवार**
**पोखरा-८, सभागृहचोक**

# रोटरीको राइला बन्दिपुरमा सुरु

पोखरापत्र संवाददाता
पोखरा, १४ चैत

तनहुँको बन्दीपुरमा रोटरी युथ लिडरसीप अवार्ड 'राइला' शनिवार देखी शुरु भएको छ।

रोटरी इन्टरनेशनल क्लब ३२९२ डिष्ट्रिक्ट अन्तर्गत रिजन-४को आयोजनामा सो कार्यक्रम सुरु भएको हो । तीन दिन सम्म चल्ने कार्यक्रम रोटरी क्लब अफ दमौलीको व्यवस्थापन एवं रिजन ४ मा रहेका १७ वटा रोटरी क्लबको सहभागी रहेको थियो। कार्यक्रमको उद्घाटन गर्दै रोटरी इन्टरनेशनल क्लब ३२९२ डिष्ट्रिकटका पूर्व गभर्नर रबिन्द्रकुमार पियाले राज्यको भविष्य निर्धारक अहिलेका युवा र बालबालिकाहरु भएकाले उनीहरुमा हरेक क्षेत्रको विस्तारित ज्ञान हुन आवश्यक रहेको बताए । समाजको वस्तु स्थिति बुझेका तथा ज्ञान र सीप भएका




युवाहरु उत्पादन भएमात्र देशको भविष्य सुरक्षित हुने उनको धारणा छ । अबको नेतृत्व युवाहरुको हातमा हुनुपर्ने बताउँदै उनले भने, 'हरेक क्षेत्र बुझेको सक्षम नेतृत्व आजको आवश्यकता हो ।'

रोटरी क्लबले एक उमेर समूहका युवाहरुको व्यक्तित्व विकाससँगै सामाजिक दायित्वबोध गराउँदै उनीहरूमा नेतृत्वदायी क्षमताको विकास गराउन प्रत्येक वर्ष राइला कार्यक्रम गर्दै आएको रिजन-४का राइला कार्यक्रम संयोजक तथा रोटरी क्लव अफ पोखरा लेकसाइडका पुर्व अध्यक्ष जयराम पौडेलले जानकारी दिए। 'युवाहरुले जीवन र जगतको बोध गरी सकारात्मक सोचका साथ भविष्यमा हरेक क्षेत्रमा सक्षम नेतृत्वदायी भूमिका निर्वाह गर्न सकुन भन्ने उद्देश्यका साथ रोटरी रोटरी युथलिडर सीप अवार्ड कार्यक्रम सुरुवात गरिएको हो' संयोजक पौडेलले भने।

युवाहरुलाई नेतृत्व तथा व्यक्तित्व विकास, सकारात्मक सोच, व्यक्तिगत एवं सामुदायिक स्वास्थ्य लगायतका विषयमा प्रशिक्षण दिइने चिफ पाइलट कोच हरिसिं गुरुङले जानकारी दिए । कार्यक्रममा रोटरीका डिआरसिसि सुवास सिग्देल, जोन १७ का एजि बिष्णुहरि तिमल्सेना, जोन १५ का एसिसटेन्ट गभर्नर इबिन्द्रराज तिवारी, रोटरी क्लब अफ अन्नपुर्णका अध्यक्ष प्रदीपभक्त आचार्य, रोटरी क्लबका अध्यक्ष दमोदर भण्डारी, सचिव सागर पौडेल लगायतले युवाहरुको लागि महत्वपूर्ण अवसरको रुपमा स्थापित भएको बताए।

कार्यक्रममा रिजन-४ अन्तर्गतका १४ देखि १८ वर्ष उमेर समूहका ४९ जना युवाहरुले सहभागीता रहेको थियो।

# भारतीय उपन्यासमा खोजियो बहुसंस्कृति

पोखरापत्र संवाददाता
पोखरा, १४ चैत

सिर्जनशील लोकतान्त्रिक प्रतिष्ठान पोखराको एक कार्यक्रममा भारतीय लेखक कमलेश्वरको "पार्टिसन्स" र हाइडरको "रिभर अफ द फायर" उपन्यासको तुलनात्मक अध्ययन गरी बहुसांस्कृतिक पक्षको खोजी गरिएको छ।

संस्थाका आजीवन सदस्य उप प्रा. टङ्क बरालले "पार्टिसन्स र रिभर अफ द फायर उपन्यासमा बहुसांस्कृतिक सहअस्तित्वको विमर्श" शीर्षकको कार्यपत्र प्रस्तुत गरे भने डा. भानुभक्त शर्मा कँडेलले टिप्पणी प्रस्तुत गरे । कार्यपत्र प्रस्तुत गर्दै बरालले भरत र पाकिस्तानको विभाजनपछि हिन्दू र इस्लामका बिचमा चरम अविश्वास उत्पन्न भएको सन्दर्भलाई उक्त दुई उपन्यासले चित्रण गरेको बताए। उपन्यासका लेखकले भारतीय (विशेषतः हिन्दू) आँखाबाट मात्र उपन्यासलाई विचार प्रदान गरेको बताए ।



भारतमा हिन्दूत्व ज्यादा मौलाएको र पाकिस्तानमा अल्पसंख्यक हिन्दूलाई बाँच्न कठिन भएकोले दुबै उपन्यासले दुबैतर्फका सांस्कृतिक वितृष्णालाई उजागर गरेको बताए । खासमा हिन्दू र इस्लामहरूले अतिवादी प्रवृत्ति अँगाल्दा कयौं मानिसको मानवता नामेट भएको बताए । उनको कार्यपत्रमाथि टिप्पणी गर्दै डा. भानुभक्त शर्मा कँडेलले साहित्यले साहित्यिक मूल्यका अतिरिक्त ऐतिहासिक सत्यको पनि स्थापना गर्ने कुरा बताए। उनले भारतमा मात्र नभएर नेपालका कतिपय जातिगत समुदायमा पनि सांस्कृतिक उचो निचोपन रहेको बताए र सुधारका लागि सुझाब पनि दिए । दर्शक दीर्घाबाट उप.प्रा. विष्णुप्रसाद शर्मा, उप.प्रा. सुरज पौडेल, डा. जगन्नाथ रेग्मी लगायतले बहुसंस्कृति भएका मुलुकमा अल्पसंख्यकमाथि जनसंख्या ज्यादा भएको समूहको दबदबा रहन्छ कि रहन्न भनेर जिज्ञासा राखेका थिए । संस्थाका अध्यक्ष उप.प्रा. योगराज पौडेलको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रमको सञ्चालन डा.टीकारामआचार्य'आरुणि'लेगरेका थिए।

# कालोपत्रको चरणमा बलेवा विमानस्थलको धावनमार्ग

पोखरापत्र संवाददाता
बागलुङ, १४ चैत

बागलुङको बलेवा विमानस्थल कालोपत्रको चरणमा पुगेको छ । विमानस्थलको धावनमार्ग कालोपत्रका लागि पूर्वाधारको सम्पूर्ण काम सकिएको छ। विमानस्थलको तारबार, नाली तथा ग्राभेलको काम सकिएको र अब कालोपत्रको मात्रै काम बाँकी रहेको छ।

विमानस्थललाई बाह्रै महीना सञ्चालनका लागि धावनमार्ग कालोपत्र गर्नका लागि नागरिक उड्डयन प्राधिकरणले ठेक्कामार्फत गत वर्षका फागुनमा काम शुरु गरेको भए पनि बन्दाबन्दीका कारण निर्माणमा केही ढिलाइ भएको थियो। धावनमार्ग कालोपत्र गर्नका लागि नागरिक उड्डयन प्राधिकरणले गत आर्थिक वर्षमा विनियोजन गरेको रु चार करोड रकमले कालोपत्र लागि पूर्वाधार निर्माणको काम प्रारम्भ गरिएको थियो। यही वैशाखभित्र विमानस्थलको ७०० मिटर लम्बाइ तथा ३० मिटर चौडाइ धावनमार्ग कालोपत्र गरिसक्ने तयारीका लागि लागेको निर्माण कम्पनीले जनाएको छ। नागरिक उड्डयन प्राधिकरणले कालोपत्र गर्नका लागि काष्ठमण्डप उमा एण्ड कम्पनी जेभी, बल्खुसँग रु सात करोडमा ठेक्का सम्झौता गरेको थियो। वैशाखभित्र कालोपत्र सम्पन्न गरी जेठमै हस्तान्तरण गर्ने काष्ठमण्डप उमा एण्ड कम्पनीका फिल्ड इञ्चार्ज वासु थापाले जानकारी दिनुभयो । "अहिले विमानस्थलको कालोपत्रबाहेक सबै पूर्वाधार निर्माण सम्पन्न भएको छ, कालोपत्रका लागि प्लान्ट राख्ने तयारी थालिएको छ", उहाँले भन्नुभयो, "वैशाखभित्रै विमानस्थल कालोपत्र गरेर सक्ने तयारी छ, अहिलेसम्म बेस, सब बेश, नाली तथा तारबारको काम सकिएको छ, कालोपत्र बिछ्याउन मात्रै बाँकी हो।"

छब्बिस वर्षदेखि बन्द अवस्थामा रहेको विमानस्थल बागलुङ नगरपालिकाको संयोजनमा २०७४ चैत ९ गतेदेखि पुनःसञ्चालन आएर नेपाल एरलाइन्स तथा तारा एरलाइन्सले केही महीना उडान भरे पनि आवश्यक पूर्वाधारको अभावमा अहिले बन्द छ । बागलुङ-१४ नारायणस्थानमा रहेको विमानस्थल सञ्चालनका लागि पहल गरे पनि कच्ची धावनमार्ग, विमानस्थलसँग पुग्ने सडक कालोपत्र नहुनुलगायतका समस्याका कारण २६ वर्षपछि सञ्चालनमा आएको विमानस्थल पुनःबन्द भएपछि नागरिक उड्डयन प्राधिकरणले विमानस्थलको धावनमार्ग कालोपत्र गर्न थालेको हो। साविक धौलागिरि अञ्चलको बागलुङ, पर्वत र म्याग्दीका जनतालई हवाई सेवा प्रदान गर्ने गरी प्राधिकरणले धावनमार्ग कालोपत्र गर्न लागेको हो। मध्यपहाडी लोकमार्ग र कालिगण्डकी करिडोर कालोपत्रे हुनसकेमा विमानस्थल सञ्चालनका लागि यात्रुको अभाव नहुने सरोकारवाला बताउँछन्। वर्षातको समय धावनमार्गमा हिलो र हिउँदमा धुलो उड्ने समस्या रहेको थियो। कालोपत्र गरेर विमानस्थल सञ्चालनमा आउने भएको हो।

# कांग्रेस नेता जोशीको पशुपति आर्यघाटमा अन्त्येष्टि

रासस
काठमाडौं, १४ चैत

दिवङ्गत नेपाली कांग्रेसका नेता नविन्द्रराज जोशीको आज अन्त्येष्टि गरिएको छ।

मस्तिष्कघातका कारण शुक्रबार राति ८.२४ बजे नर्भिक अन्तरराष्ट्रिय अस्पतालमा निधन हुनुभएका नेता जोशीको पशुपति आर्यघाटमा अन्त्येष्टि गरिएको हो। उहाँको पार्थिव शरिरमा स्व जोशीका दाजु राजुराज जोशी र भतिजा सौरभ जोशीले दागवत्ती दिनुभएको थियो।

अन्त्येष्टिपूर्व नेता जोशीको शवलाई श्रद्धाञ्जलिका लागि उहाँको नीजी निवास याख्याटोल र कांग्रेस केन्द्रीय कार्यालय सानेपामा राखिएको थियो। सानेपामा उहाँको पार्थिव शरिरलाई कांग्रेस सभापति शेरबहादुर देउवाले पार्टीको झण्डा ओढाएर श्रद्धाञ्जलि व्यक्त गर्नुभएको थियो।

स्व जोशीको शवलाई श्रद्धाञ्जलि दिन सभामुख अग्नीप्रसाद सापकोटा, माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' नेकपा (एमाले)का नेता एवम् पूर्वप्रधानमन्त्री



माधवकुमार नेपाल, एमाले संसदीय दलका उपनेता सुवासचन्द्र नेम्वाङ, माओवादी केन्द्रका नेता नारायणकाजी श्रेष्ठ, अर्थमन्त्री विष्णुप्रसाद पौडेल, परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवालीलगायत कांग्रेस पार्टी कार्यालय सानेपा पुग्नुभएको थियो। विसं २०१९ असार ३ गते काठमाडौंमा जन्मनुभएका नेता जोशी नेपालविद्यार्थीसङ्घकोपूर्वमहामन्त्री, काठमाडौं महानगरपालिकाको पूर्वउपमेयर, विस २०६४ र २०७० सालमा काठमाडौं क्षेत्र नं ८ बाट संविधानसभाको निर्वाचनमा निर्वाचित हुनुभएको थियो। नेपालको लोकतान्त्रिक आन्दोलनमा चार दशकभन्दा लामो समय अनवरत सङ्घर्षरत अथक योद्धा स्व जोशीले राजनीतिलाई सँधै जनताको सेवा गर्ने भावना र अवसरका रुपमा लिने सरल, बौद्धिक र क्षमतावान नेता जोशी कांग्रेसका निष्ठावान राजनीतिज्ञका रुपमा परिचित हुनुहुन्थ्यो । मस्तिष्कघात हुनुभन्दा पहिलेस्वनेताजोशीआफ्नोनिर्वाचन क्षेत्रको घरघरमा पुगेर कोरोनाको सामग्री वितरण गर्दै आउनुभएको थियो । विसं २०७३ सालमा उद्योगमन्त्री बन्नुभएका नेता जोशी नेपाली कांग्रेसको १२ औं र १३औं महाधिवेशनमानिर्वाचितकेन्द्रीयसदस्य बन्नुभएको थियो । स्व जोशीका श्रीमति र एक छोरी हुनुहुन्छ।

प्रधानमन्त्री केपी शर्मा ओलीले नेपाली कांग्रेसका केन्द्रीय सदस्य नविन्द्रराज जोशीको निधनप्रति दुःख व्यक्त गर्नुभएको छ। शनिबार शोक वक्तव्य जारी गर्दै उहाँले जोशीप्रति श्रद्धासुमन अर्पण गर्दै शोकसन्तप्त परिवारजन, शुभचिन्तक र नेपाली कांग्रेसका नेता कार्यकर्ताप्रति गहिरो समवेदना प्रकट गर्नुभएको छ । प्रधानमन्त्री ओलीले शोक वक्तव्यमा भन्नुभएको छ, "लोकतान्त्रिक आन्दोलनमा महत्वपूर्ण योगदान गर्नुभएका जोशीले नेपाली कांग्रेसभित्र निष्ठावान, इमान्दार, जुझारु छवि निर्माण गर्नु भएको थियो।"

# महासंघको २६औँ अधिवेशनमा संयुक्त उम्मेदवारी दर्ता

रासस
काठमाडौं, १४ चैत

नेपाल पत्रकार महासङ्घको २६औं महाधिवेशनमा नेपाल प्रेस यूनियन, प्रेस सङ्गठन नेपाललगायतका सङ्गठनले संयुक्त रुपमा उम्मेदवारी दर्ता गराएका छन्। संयुक्त गठबन्धनको तर्फबाट अध्यक्षमा विपुल पोखरेल, वरिष्ठ उपाध्यक्षमा रमेश विष्ट, महिला उपाध्यक्ष बाला अधिकारी, समावेशी उपाध्यक्षमा उदय जिएम र महासचिवमा रोशन पुरीले उम्मेदवारी दर्ता गराउनुभएको छ।

यस्तै, खुला सचिवमा गोविन्द चौलागाईं, महिला सचिवमा सिर्जना अर्याल, आदिवासी, जनजाति सचिवमा नारायण किलम्बु, मधेशी सचिवमा दिपेन्द्र चौहान, दलित सचिवमा हेमकर्ण विकले उम्मेदवारी दर्ता गराउनुभएको छ।

यस्तै, कोषाध्यक्षमा कलेन्द्र सेजुवाल उम्मेदवारी दर्ता गराउँदा लेखा समितिको संयोजकमा लेखनाथ न्यौपाने उम्मेदवारी दर्ता गराउनुभएको छ । यस्तै, स्वतन्त्र रुपमा गजेन्द्र बुढाथोकीले अध्यक्ष पदमा उम्मेदवारी दिनुभएको छ । खुल्ला उपाध्यक्ष्मा धुव्र लम्साल, समावेशी उपाध्यक्षमा शीतलप्रसाद महतो र कोषाध्यक्षमा प्रकाश थापाले ले पनि उम्मेदवारी दिनुभएको छ। यसै गरी नेपाल पत्रकार महासङ्घको २६ औं महाधिवेशनमा प्रगतिशील-व्यावसायिक-समावेशी-राष्ट्रवादी समूहका तर्फबाट वरिष्ठ पत्रकार निर्मला शर्माले अध्यक्षमा उम्मेदवारी दिनुभएको छ । महासङ्घको इतिहासमा हालसम्म महिला अध्यक्ष भएका छैनन्। प्रेस चौतारी नेपाल, प्रेस मञ्च नेपाल, जनपत्रकार संगठन नेपाल र मिडिया नेपालको समर्थनमा सञ्चारिका समूहका पूर्वअध्यक्ष रहनुभएका शर्माले उम्मेदवारी दिनुभएको हो।

सो समूहबाट वरिष्ठ उपाध्यक्षमा माधव नेपाल, उपाध्यक्ष महिलामा दाना केसी, उपाध्यक्ष समावेशीमा अवदेशकुमार झा, महासचिवमा बालकृष्ण बस्नेत, सचिव खुल्लामा रामकृष्ण ज्ञवाली, सचिव महिलामा निमा काफ्ले, सचिव आदिवासी जनजातिमा शाहीमान राई, सचिव मधेसीमा श्वेता सिन्हा, सचिव दलितमा मधु शाही, सचिव एशोसियटमा रामेश्वर कार्की, कोषाध्यक्षमा कृष्ण गिरी र लेखा समिति संयोजकमा द्वारिका काफ्लेले उम्मेवारी दिनुभएको छ। महासङ्घको निर्वाचन यही चैत २५ गते हुँदैछ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना

जन्म : २००२/०१/०५



स्वर्गारोहण : २०७७/११/०३

**स्व. इन्द्रप्रसाद हुमागाई**

**यस पोखरापत्र राष्ट्रिय दैनिकका शुभचिन्तक एवं आत्मीय मित्र दुर्गाप्रसाद हुमागाईका पुजनीय पिता इन्द्रप्रसाद हुमागाईको असामयीक निधन भएकोमा हामी मर्माहत एवं स्तब्ध भएका छौं। उहाँको दिवंगत आत्माको बैकुण्ठवास एवं चीरशान्तिको कामना गर्दै आज १३ औं दिनको पुण्यतिथिमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति भगवानले प्रदान गरुन् भनी कामना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं।**

## पोखरापत्र राष्ट्रिय दैनिक परिवार



## निःशुल्क रोजगारउन्मुख सीपमूलक तालिम लिने सु-अवसर!!!

यूरोपियन युनियनको आर्थिक लगानी, ब्रिटिस काउन्सिलको व्यवस्थापन तथा दक्षता परियोजनाको सहयोगमा ब्रिलियण्ट मेनपावर ट्रेनिङ्ग सेन्टर **(BMTC)** बाट प्रवर्द्धित दिगो रोजगारीका लागि पर्यटन क्षेत्रका तालिम **(STSE)** परियोजनाद्वारा गण्डकी प्रदेश, पोखरा, कास्कीमा यस क्षेत्रका स्थानिय सरकार, होटल, रेष्टुरेण्ट तथा पर्यटन संघ-संगठन र व्यवसायीहरु संगको समन्वय र सहकार्यमा **होटल तथा पर्यटन** क्षेत्रमा अप्रेण्टिसिप मोडलमा **निःशुल्क** सीपमूलक तालिमहरु संचालन गरिने हुँदा तालिम लिई रोजगार हुन ईच्छुक १६ देखि ४० बर्ष उमेरका बेरोजगार युवाहरुलाई **२०७७१२।२७ सम्म** सम्पर्क गर्न यो सूचना प्रकाशित गरिएको छ।

तालिमका बिषयहरु:

**कुक, वेटर, हाउसकिपिङ्ग र रिसेप्सनिष्ट/क्यासियर**

आबेदनका लागि सम्पर्क:

**दिगो रोजगारीका लागि पर्यटन क्षेत्रका तालिम परियोजना**

| | |
|---|---|
| लेकसाईड-०६, पोखरा, टुकी रिसोर्ट | ९८२६११९६७२ |
| पृथ्वीचोक-०९, पोखरा, कास्की | ९८१३६८४४१६, ०६१५३५७३८ |
| अमरसिंचोक-१०, पोखरा, कास्की | ९८०६७२२३९९, ०६१-५३१०१७ |

Website: www.bmtc.com.np, Email: bmtc.dakchyata@gmail.com

दक्षता dakchyata
EUROPEAN UNION
BRITISH COUNCIL